# पशु (गाई/भैंसी) सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन सम्वन्धी सूचना !!!

सूचना नं.: १-२०८२/०८३ (पशु सेवा)

सूचना प्रकाशित मितिः २०८२/०५/०३ (ने.सं. ११४५ गुँलागा, एकादशी)

मेलम्ची नगरपालिका, पशु सेवा शाखाको आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **पशु सुत्केरी प्रोत्साहन कार्यक्रम** अन्तर्गत नगरक्षेत्र भित्र सुत्केरी भएका गाई/भैंसीहरुलाई पौष्टिक आहाराको पहुँच वृद्धि गर्नका लागि "पशु सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०८१" बमोजिम पशुपालक कृषकहरुलाई प्रति गाई रु.१४००/- र प्रति भैसी रु.२०००/- का दरले नगद प्रोत्साहन गरिने भएकाले नगरक्षेत्र भित्रका पशुपालक कृषकहरुमा पशु (गाई/भैंसी) सुत्केरी भएको १४ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित सम्वन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका निवेदनहरु लाभग्राहीको रुपमा समावेश गरिने छैन।

**आवश्यक कागजातहरुः-**

१. अनुसूचि-२ बमोजिम तोकिएको ढाँचामा निवेदन
२. सुत्केरी माउ पशु, पाडापाडी/बाच्छाबाच्छी र पशुधनी समेत देखिने फोटो –१ प्रति
३. पशुधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी – १ प्रति
४. पशु बीमा बीमालेखको प्रतिलिपी – १ प्रति
५. सुत्केरी पशुको संकेत पट्टा नं., पशुधनीको सम्पर्क नं र रासायनिक मल कार्ड नं. (अनिवार्य)

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाइट www.melamchimun.gov.np वा मेलम्ची नगरपालिकाको कृषि तथ्याङ्क संकलन, विश्लेषण तथा सेवा व्यवस्थापन प्रणाली www.melamchikrishi.gov.np मा हेर्नुहुन वा सम्वन्धित वडा कार्यालय वा मेलम्ची नगरपालिका, पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुनेछ।

२०८२/०५/०३
उपेन्द्र पण्डित
अधिकृत स्तर छैठौं